# डिलासैनी गाउँपालिकाको आर्थिक सहायता वितरण नियमावली (पहिलो संशोधन), २०७६

कार्यपालिकाबाट पारित मिति: २०७६।०५।२५

डिलासैनी गाउँपालिकाको आर्थिक सहायता वितरण नियमावली, २०७५ मा समयानुकूल परिमार्जन गर्न आवश्यक भएकाले डिलासैनी गाउँपालिकाले यी नियमहरु बनाएको छ ।

१. डिलासैनी गाउँपालिकाको आर्थिक सहायता वितरण नियमावली, २०७५ को नियम ४ को उपनियम (क) लाई "मुटु, मृगौला, कलेजो, फोक्सो, रक्त सञ्चार प्रणाली सम्बन्धी जटिल रोग तथा क्यान्सर रोग लागेका पदाधिकारी तथा कर्मचारी र निजका पति/पत्निलाई उपचार खर्च उपलब्ध गराउन" हुने गरी संशोधन गर्ने ।

२. डिलासैनी गाउँपालिकाको आर्थिक सहायता वितरण नियमावली, २०७५ को नियम ४ मा तपशिलको उपनियम (ङ) थप गर्ने

"(ङ) सेवाग्राही कर्मचारी वा कर्मचारीको पति/पत्नी भएमा निजले यस उपनियम (ख) बमोजिमको कागजात पेश नगरी नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने ।"

डिलासैनी गाँउपालिका